

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । 100% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ७ गते बिहीबार ❑ 24 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा ९८ प्रतिशत घरमा बिजुली, उज्यालो प्रदेश घोषणा यसै वर्ष

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

गण्डकी प्रदेशमा आधुनिक ऊर्जाको पहुँच विस्तार गरी प्रदेशलाई उज्यालो प्रदेश घोषणाका लागि सरकारले काम अघि बढाएको छ ।

प्रदेशमा विद्युतको पहुँच नपुगेका दुई हजार आठ सय ८४ घरधुरीमध्ये बागलुङको ढोरपाटन नगरपालिकाका तीन सय ९१ घरधुरीमा विद्युत् विस्तारको काम सुरु भएको छ । बाँकी घरमा समेत यसै वर्षभित्र विस्तार गरिसक्ने ऊर्जा जलस्रोत तथा खानेपानी मन्त्रालयको तयारी छ । ऊर्जा तथा जल स्रोतमन्त्री सरस्वती अर्याल तिवारीका अनुसार ढोरपाटन नगरपालिका-६ छेन्तुङका ती घरमा घरेलु सौर्य ऊर्जा जडान सुरुआत गरिएको र मङ्सिरभित्र बत्ती बल्नेछ । अहिलेसम्म करिब ९८ प्रतिशतको पहुँचमा बिजुली पुगेको बताइन्छ ।

मन्त्रालयमा एक सय दिनमा भएका गरेका कार्यप्रगति आज सार्वजनिक गर्न आयोजित कार्यक्रममा मन्त्री अर्यालले नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा प्रदेशभर आधुनिक ऊर्जा विस्तार गरिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "उज्यालो गण्डकी प्रदेश यथाशीघ्र घोषणाका लागि सङ्घ सरकारसँग समेत सहकार्य गरेका छौँ । विद्युत् प्राधिकरणको बिजुली विस्तार हुन सम्भव ठाउँसम्म बिजुली पुऱ्याउने छौँ, प्राधिकरणले विस्तार नगर्ने ठाउँमा हामी सोलार बत्ती भए पनि पुऱ्याउँछौँ ।" मन्त्रालयले पानीका लागि घण्टौँसम्म डोकोमा गाग्री बोक्नुपर्ने बाध्यता हटाइने जनाएको छ । एक गाग्री पानीका लागि बिहानभर पालो पर्खनुपर्ने बाध्यता हटाउनका लागि अभियानका रूपमा एक घर एक धारा कार्यक्रम सञ्चालन गरिने मन्त्री तिवारीले बताउनुभयो। मन्त्रालयले प्रदेशका ११ वटै जिल्लाका स्थानीय तहलाई परिपत्र गरी आफ्नो पालिकामा पानीको स्रोत अभावले समस्या भएका ठाउँको पठाउन आग्रह गरेको थियो । स्थानीय तहले पठाएका आधारमा डोकोमा गाग्री बोक्नुपर्ने बाध्यता हटाउनका लागि यस वर्ष बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । "पानीको अभाव भएका ठाउँमा यस वर्ष योजना दिएका छौँ", मन्त्री तिवारीले भन्नुभयो, "जतिसक्दो छिटो आधारभूत खानेपानीको समस्या समाधान हुन्छ । डोकोमा गाग्री बोकेर अब हिँड्नुपर्दैन ।" चालु वर्षमा सिँचाइ तथा नदी नियन्त्रणतर्फ रु १० लाखभन्दा कम बजेट विनियोजन नगरिएको मन्त्री अर्यालले बताउनुभयो । विगतका वर्षमा रु दुई लाखसम्मका योजनासमेत कार्यान्वयन गरिएको भन्दै उहाँले यस वर्ष त्यस्ता टुक्रे योजनालाई निरुत्साहित गरिएको जानकारी दिनुभयो । मन्त्रालयले दुई सय ४० लिफ्टिङ आयोजनाका लागि रु दुई करोड अनुदान दिएको जनाएको छ । त्यसैगरी गत वर्ष १७ हजार तीन सय ४८ घरधुरीमा निजी धारा जडान गरिएको र ९० हजार दुई सय जनसंख्या लाभान्वित भएका छन् ।

ऊर्जा मन्त्रालयले गत वर्ष ८५ दशमलव ४४ प्रतिशत बजेट खर्च गरेको मन्त्रालयका सचिव इन्जिनियर डा सन्तोष कैनीले बताउनुभयो । उहाँका अनुसार गण्डकीका अन्य मन्त्रालयमध्ये धेरै वित्तीय प्रगति हासिल भएको छ ।

## अबको २२ दिनमा प्रदेशका मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक हुन्छः प्रवक्ता तिवारी

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

गण्डकी प्रदेश सरकारका प्रवक्ता सरस्वती अर्याल (तिवारी) ले अबको २२ दिन भित्र प्रदेशका मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गर्ने बताउनु भएको छ ।

नयाँ सरकार गठन भए लगत्तै बजेट बनाउनु पर्ने भएको र सम्पत्ति विवरण सबै मन्त्रीहरुले समयमै बुझाउन नसकेको कारण सार्वजनिक गर्न ढिलाई भएकोले अबको २२ दिनमा सार्वजनिक गर्ने तयारी गरेको उहाँले बताउनु भएको हो ।

ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्री समेत रहनु भएको प्रवक्ता तिवारीले मत्रिमण्डल गठन प्रकृया दोश्रो चरणमा गरी भएको हुनाले पनि पहिला नियुक्ति भएका ३ मन्त्रीले पहिला नै तयारी गरे पनि एकै पटक सबै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गर्ने भन्दा भन्दै ढिलो भएको उहाँको भनाई थियो ।

गत बैशाख २९ गते पदभार ग्रहण गर्नु भएको मन्त्री तिवारीले १०० दिनको अवसरमा पोखरा महत्वपूर्ण उपलब्धीहरु सार्वजनिकीकरण कार्यक्रममा पत्रकारले किन ६० दिनमा तपाईहरुले सम्पत्ति विवरण सार्वजनिक गर्न ढिलाई भएको भनी सोधेको प्रश्नमा मन्त्री तिवारीले चालु आर्थिक बर्षको ६० दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरी सबै मन्त्रीहरुको सम्पत्ति विवरण सार्वजनिक गर्ने भएको दाबी गर्नु भएको हो ।

मुस्ताङको कागवेनीमा गत साउन २९ गते आएको बाढीले क्षती पुर्‍याएकोले उक्त क्षेत्रमा खानेपानीको भोलि पल्ट नै पानीको व्यबस्था मिलाएको मन्त्री तिवारीले बताउनु भयो । बाढीले प्रभावित बनाएको ९ सय मिटर क्षेत्रमा भोलि पल्ट नै पानी मर्मत गरिएको उहाँले जनाउनु भयो । मुस्ताङको बाढी प्रभावित क्षेत्रमा आवश्यक राहत उपलब्ध गराउन प्रदेश सरकार प्रतिवद्ध रहेको दाबी गर्दै पहिलो चरणको केही राहत मुस्ताङका प्रमुख जिल्ला अधिकारीको नेतृत्वले माग गरे बमोजिमको राहत उपलब्ध गराएको र भोलिका दिनमा पनि सरकार तयार रहेको उल्लेख गर्नु भयो ।

## प्रदेशमा सुचिकृत नभएका रेफ्री, एम्पायर, प्रशिक्षकहरुलाई सबै प्रकारका प्रतियोगिता र प्रशिक्षणमा रोक लगाइने

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं



प्रदेश खेलकुद परिषद गण्डकीले परिषदमा सुचिकर्त नभएका रेफ्री, एम्पायर, प्रशिक्षकहरलाई सबै प्रकारका प्रतियोगिता र प्रशिक्षणमा रोक लगाउने निर्णय गरेको छ। परिषदका सदस्य सचिव श्रीधर शर्माको अध्यक्षतामा बुधबार परिषदको सभाहलमा भएको छलफल तथा बैठकले उक्त निर्णय गरेको हो ।

प्रदेश खेलकुद परिषद र जिल्ला खेलकुद विकास समितिले आयोजना गर्ने, संघिय सरकार र प्रदेश सरकारको अनुदानमा आयोजना हुने तथा अन्य कुनै श्रोतबाट प्रदेश र जिल्ला तहमा आयोजना हुने प्रतियोगिता संचालन पूर्व प्रदेश खेलकुद परिषदबाट स्विकृती र सहमती लिएर संचालन नगर्ने प्रतियोगितामा खेल संघले कुनै टिम, रेफ्री, एम्पायर उपलब्ध नगराउने, रेफ्री समेत नजाने परिषदले निर्णय गरेको छ। विभिन्न खेलकुद संघ र पत्रकारहरुसंग बुधबार अन्तक्रिया कार्यक्रम भएको थियो। परिषदले अन्तक्रिया कार्यक्रम गरी चालु आर्थिक वर्षका योजना, गत आर्थिक वर्षका प्रगती विवरण, निर्माण हुन लागेका दुई नियमावली प्रदेश खेलकुद पदक र खेलाडी कल्याण कोषको सुझाव संकलन गरेको छ। सो अवसरमा प्रदेश खेलकुदका उपाध्यक्ष धोज कुमार गुरुङले सबै खेल संघहरुलाई एकतावद्ध भएर दशौं राष्ट्रिय खेलकुदका लागि अघि बढ्नु पर्ने बताए। प्रदेश खेलकुद विकासका लागि निर्माणको चरणमा रहेका दुई नियमावलीले प्रदेशको खेलकुद विकासका लागि महत्वपूर्ण रहेको बताउँदै अन्तक्रिया कार्यक्रमबाट आएका सुझावले नियमावली निर्माणमा दिशानिर्देश गर्न सहयोग पुग्ने बताए।

कार्यक्रममा परिषदका सदस्य सचिव श्रीधर शर्माले निर्माण हुन लागेका दुई नियमावलीले समग्र खेलकुद क्षेत्रको प्रतिनिधित्व होस भन्नका लागि अन्तक्रिया कार्यक्रम आयोजना गरिएको बताए । उनले भने-"मेरो नियुक्तिको पनि १ सय दिन पुगेको छ । हामी दुई महत्वपूर्ण नियमावली समेत निर्माण प्रक्रियालाई अघि बढाएका छौं। सबैको सुझावले नियमावली निर्माणमा सहयोग पुग्ने छ।"

जिल्ला खेलकुद समिति र जिल्ला खेलकुद संघहरु खेलकुद विकासका लागि मेरुदण्डको रुपमा रहेको बताउँदै सदस्य सचिव शर्माले खेलकुद पूर्वाधारहरु खेलाडीहरुको पहिलो अधिकारको रुपमा रहेको बताए। उनले खेलकुदका पूर्वाधार अझै पनि राष्ट्रिय खेलकुद परिषद अन्तर्गत रहनुले खेलकुद विकासमा केही अवरोधहरु झेल्नु परेको उल्लेख गर्दै उनले कानुनको परिधि भित्र रहेर प्रदेशमा रहेका खेल पूर्वाधारहरु प्रदेश खेलकुद परिषद रहनु पर्ने कुरामा जोड दिए।

कार्यक्रममा आफ्ना भनाई राख्दै प्रदेश खेलकुद परिषदका संस्थापक सदस्य सचिव तेज बहादुर गुरुङले खेलकुद विकास ऐनमा रहेका जटिलताहरु हटाउन सवैको ध्यान जानुपर्ने बताए। धेरै चुनौतीका बावजुद नवौं राष्ट्रिय खेलकुदमा प्राप्त भएको सफलता सबै खेल संघहरुको उत्तिकै मेहनत र योगदानकै कारणले रहेको चर्चा गर्दै उनले खेल संघहरुले योजना बनाउँदा नवौंको 'लिगेसी' प्राप्त हुने गरि निर्माण गर्न आग्रह गरे।

कार्यक्रममा प्रदेश खेलकुद परिषदका कार्यकारी सदस्य दिल बहादुर गुरुङ, कार्यालय प्रमुख तोपलाल भुसाल लगायतले आफ्ना भनाई राखेका थिए।

## गण्डकी प्रादेशिक क्रिकेट संघको अध्यक्षमा सिग्देल सर्वसम्मत निर्वाचित


**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं



गण्डकी प्रादेशिक क्रिकेट संघको अध्यक्षमा सञ्जयकान्त सिग्देल सर्वसम्मत निर्वाचित भएका छन् ।

पोखरामा बुधबार सम्पन्न दोश्रो वार्षिक साधारण सभाले सिग्देल सहित १२ सदस्यीय प्रादेशिक क्रिकेट संघ सर्वसम्मत निर्वाचित गरेको हो । निर्वाचित अध्यक्ष सिग्देल कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष समेत हुन् । उनी पर्यटन व्यवसायमा संलग्न छन् ।

यसै गरी संघको उपाध्यक्षमा प्रकाश पौडेल (नवलपुर), सचिवमा सुमनराज कार्की (तनहुँ), कोषाध्यक्षमा दिवाकार थापा (स्याङ्जा) रहेका छन् । कार्यसमिति सदस्यमा देवेन्द्र प्रजु (कास्की), ऋषिराम गौतम (कास्की), फणिन्द्र बहादुर खड्का (बागलुङ), धामनाथ सापकोटा (नवलपुर), रेशम बहादुर केसी (पर्वत), विद्यादेवी भट्टराई (स्याङ्जा), भोजराज बराल (कास्की) र सन्तोष शर्मा (बाग्लुङ) रहेका छन् । निर्वाचित कार्यसमितिको कार्यकाल चार वर्षको हुनेछ ।



## पुम्दीकोटको अर्को आकर्षण सुमेरु पर्वत

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

पोखराको नयाँ धार्मिक पर्यटकीय गन्तव्यका रूपमा चासो र चर्चा कमाएको पोखरा महानगरपालिका-२२ स्थित पुम्दीकोटमा सुमेरु पर्वत आकर्षणका रूपमा देखिएको छ ।

समुदायको सहयोग एवम् पुम्दीकोट विकास समितिको सक्रियतामा पुम्दीकोटमा निर्माण गरिएको ५१ फिट उचाइको महादेवको मूर्तिले स्वदेशी एवम् विदेशी पर्यटकलाई आकर्षित गरिरहेको यसस्थलमा नजिकैको अर्को थुम्कालाई सुमेरु पर्वतका रूपमा विकास गर्न लागिएको हो । महादेवस्थललाई कैलाशका रूपमा लिँदै नजिकै जोडिएको अर्को थुम्कालाई सुमेरु पर्वतका रूपमा विकास गर्ने गरी पूर्वाधार निर्माण गरिएको पुम्दीकोट विकास समितिका सदस्य मातृका बरालले जानकारी दिनुभयो । पुम्दीकोटको वृहत् गुरुयोजना अनुसार यस क्षेत्रको समग्र विकास अघि बढिरहेको बताउँदै उहाँले विशाल मूर्तिस्थापनाका साथै नजिकै पल्लो थुम्कोमा सुमेरु पर्वतकै झल्को दिनेगरि संरचना निर्माण भइरहेको जानकारी दिनुभयो ।"विशालमूर्ति रहेको स्थान (कैलाश) र सुमेरु पर्वतलाई जोड्ने गरी विद्युतीय चियरकार निर्माण गर्ने योजना समेत राखेका छौँ", उहाँले भन्नुभयो,"करिब चार सय मिटरको दूरीमा रहेका यी स्थललाई जोड्ने दीर्घकालीन लक्ष्य अनुसार नै चियरकार निर्माणको सोच अघि बढाइएको हो ।"

सुमेरु पर्वतलाई झकिझकाउ बनाउने गरी काम भइरहेको र त्यहाँ माता पार्वती र कुमार कार्तीकेयको मूर्ति तयार गरिसकिएको छ । सुमेरु पर्वत निर्माणका लागि जमिन सम्याउने, मूर्ति एवम् पूर्वाधार निर्माणका लागि करिब रु दुई लाख खर्च भइसकेको इञ्जिनीयर बाबुराम बरालले जानकारी गराउनुभयो । गुरुयोजना अनुसार नै पुम्दीकोटमा विशाल महादेव मूर्तिसहित प्रशासनिक भवन र गुरुमहाराज आश्रम आदि निर्माण भइसकेका छन् । समितिले शान्ति आश्रम, ज्येष्ठ नागरिक मिलन केन्द्र, हरियाली बगैँचा निर्माण गर्ने लक्ष्य राखेको छ । मूर्ति परिसरमा गणेश मनोरेल, शिवलिङ आदि स्थापनासँगै परिसरमा आकर्षक प्रवेशद्वार

बाँकी अन्तिम पृष्ठमा ▶▶

# स्याङ्जामा प्याजको मूल्य दोब्बर

प्रकाश डोटेल
स्याङ्जा, ६ भदौं

स्याङ्जामा प्याजको मूल्य दोब्बर भएको छ । गएको हप्ता प्रतिकेजी ६० देखि ६५ रुपैयाँसम्म रहेको प्याजको मूल्य पछिल्लो दिन प्रतिकेजी एक सयदेखि एक सय १० रुपैयाँसम्म बिक्री गरिएको छ । स्थानीय बिक्रेताले अस्वभाविक रुपमा मूल्य बृद्धि गरेपछि प्याजको मूल्य झण्डै दोब्बर भएको हो ।

६० रुपैयाँदेखि ६५ रुपैयाँसम्म खरिद गरेको प्याजको मूल्य एक्कासी बृद्धि भएपछि स्थानीय उपभोक्ता मारमा परेका छन् । एक हप्तादेखिबजारमाप्याजनभित्रिएपनि स्थानीय बिक्रेताले मनोमानी रुपमा पछिल्ला दिन प्याजको मूल्य बढाएर बिक्री गर्दै आएका छन् । गत शनिबारदेखि भारतको सेन्ट्रल बोर्ड अफ इनडाइरेक्ट ट्याक्स एन्ड कस्टमले प्याज निकासीमा ४० प्रतिशत निर्यात महसुल लगाएपछि बिक्रेताले गोदामै रहेको प्याजको मूल्य एकाएक बढाएका हुन् । मौकामा चौका हान्दै व्यवसायीले एकलौटी रुपमा मूल्य बढाएका छन् ।

जिल्लामा दैनिक कति प्याज खपत हुन्छ कुनैपनि निकायसँग त्यो एकिन तथ्याङ्क छैन् । करिब एक हप्ताअघि प्रतिकेजी ६४ रुपैयाँमा खरिद गरेको प्याज पछिल्लो दिन एक सय १० रुपैयाँसम्म बिक्री गर्दै आएको स्थानीय व्यवसायीले बताए । केहि दिनदेखि बजारमा प्याज नआएपनि गोदामै रहेको प्याज बिक्री गर्दै आएको उनले सुनाए । अस्वभाविक रुपमा प्याजको मूल्य बृद्धि गरिएको जानकारी आएकाले तत्काल बजार अनुगमन गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । जिल्लाका पुतलीबजार, बयरघारी, वालिङ र गल्याङ बजारका व्यवसायीले मनोमानी रुपमा प्याजको मूल्य बढाएको स्थानीयले आरोप लगाए । ग्रामीण बजारको तुलनामा शहरी क्षेत्रका व्यवसायीले अचाक्ली मूल्य बढाएको उनीहरुले बताए ।

केहि दिन अघि चामलको मूल्य बृद्धि गरेर उपभोक्ताको हूर्मत लिएका व्यवसायीले फेरि प्याजको मूल्य बढाएर उपभोक्तालाई आक्रान्त बनाएको राष्ट्रिय उपभोक्ता मञ्च स्याङ्जाको अध्यक्ष राजेन्द्र मरासिनीले बताए । पछिल्ला दिन खाद्यान्न बिक्रीवितरणमा बिचौलिया र कालोबजारी गर्नेहरु मौलाएको उनले बताए । व्यवसायीले मनोमानी रुपमा खाद्य वस्तुमा एकपछि अर्को मूल्य बृद्धि गरेपनि बजार अनुगमनको अख्तियार प्राप्त स्थानीय निकाय चुपचाप छ ।

बजार अनुगमन गर्दै अस्वभाविक मूल्य बृद्धिलाई रोक्नुपर्ने निकाय नै चुपचाप भएपछि उपभोक्ता मूल्य बृद्धिको चपेटामा पर्दै आएको मञ्चका अध्यक्ष मरासिनीले बताए । स्थानीय पालिकाले पाएको अनुगमन तथा दण्ड जरिवानाको अधिकारलाई कडाईका साथ कार्यान्वयनमा नल्याएसम्म उपभोक्ता मुल्य बृद्धिको चपेटामा निरन्तर पर्ने मरासिनीको भनाई छ । बजारबाट आएको मूल्य बृद्धिको गुनासोलाई मध्यनजर राख्दै आवश्यकताको आधारमा बजार अनुगमन गर्ने पालिकाहरुले जनाएका छन् ।

# समृद्धि र विकासका लागि युवाहरुको साथ र सहयोग आवस्यक : अध्यक्ष तिमिल्सिना

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

पोखरां-२५ वडा कार्यालयको आयोजनामा हेमजामा रहेका विभिन्न यूवा क्लबहरुसंग मंगलवार अनतरक्रिया गरिएको छ ।

युवाहरुलाई वडाको वार्षिक गतिविधिको जनकारी दिनुका साथै चालु आ.व लक्षित आर्थिक, सामाजिक र भौतिक विकासात्मक छलफललाई जोड दिन कार्यक्रमको आयोजन गरिएको अध्यक्ष्म मोतिलाल तिमिल्सिनाले जानकारी दिनु भयो । अध्यक्ष तिमिल्सिनाले वडा बाट समाधान गर्न मिल्ने समस्यलाई तत्काल सम्बोधन गर्ने र अन्य विषयगत समस्या अनुरुप सम्बन्धित निकायमा पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दै समृद्धि र विकासका लागि युवाहरुको साथ र सहयोग आवस्थक सहेको बताउनु भयो ।

कार्यक्रममा उपस्थित युवाहरुले हेमजामा नगर बस सेवा संचालन प्रभावकारी नभएको , मध्यपहाडी लोकमार्ग अन्तर्गत हरिचोक देखि यम्दी सम्मको सडक निर्माणमा ढिलाइका कारण वर्षायाम संगै हिलाम्मे सडकले आवतजावतमा हैरानी, डिजिटल पुस्तकालय अर्यात इ-लाइब्रेरीको अवस्यकता, युवा उद्धयमी सम्बन्धि सिफारिस निशुल्क गर्न आग्रह, दुर्धटना न्युनिकरणका लागि स्कुल स्कुलका ट्राफिक जनचेतना कार्यक्रम गर्नुपर्ने,वडा तहका विभिन्न समिति गठनमा युवा प्रतिनिधित्व हुनुपर्ने, विनाधितो सहुलियत दरमा व्यवसायिक ऋण, एकीकृत कर प्रणाली लागु गर्नुपर्ने लगायतका समस्या राखेका थिए ।

महनगर व्यवसाय प्रवर्द्धन केन्द्रका कार्यकारी प्रमुख नवराज अधिकारीले साना व्यवसायीका लागी वित्तीय योजना तथा सहुलियतपुर्ण कर्जा सम्बन्धि जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा लायन्स क्लब अफ हेमजा, लियो क्लब अफ हेमजा, लियो पोखरा गण्डकी, लियो पोखरा नर्थ, हेमजा यूनाईटेड, विष्णुपादुका क्लब, आमासमुह साथै विभिन्न संघसंस्थाका युवा नेतृत्वहरुको उपस्थिति रहेको थियो । भदौ ६ गते सामुदायिक तथा संस्थागत विद्यालय प्र.अ र वि.त्य. समितिका अध्यक्षहरु संग, ७ गते कृषकहरु संग र ८ गते बैंक तथा वित्तिय संस्थाका प्रमुखहरु संग छलफल तथा अन्तरक्रिय कार्यक्रमको आयोजन गरिएको सुचना अधिकारी इश्वरी बास्तोलाले बताउनुभयो ।

# आठ सय कृषि फार्मलाई अनुदान

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

व्यावसायिक पशुपक्षी फार्म र कृषि फार्म सञ्चालन गर्ने किसानलाई गण्डकी प्रदेश सरकारले अनुदान दिएको छ । गत आवमा पशुपक्षीतर्फ चार सय ८१ र कृषितर्फ तीन सय ७३ फार्मले कुल लागतको ५० प्रतिशत अनुदान पाएका छन् ।

कृषि तथा भूमि व्यवस्था मन्त्रालयका योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेका अनुसार पशुपक्षीपालक किसानलाई रु सात करोड ८६ लाख र व्यावसायिक कृषिखेती गर्ने किसानलाई रु आठ करोड अनुदान रकम उपलब्ध गराइएको छ । "साना व्यावसायिक पशुपक्षी र कृषि फार्म लक्ष्य गरी गत वर्ष अनुदान कार्यक्रम सञ्चालन गरिएको थियो", उहाँले भन्नुभयो, "चालु आवमा भने यो कार्यक्रम छैन, प्रोत्साहन सहयोगका अन्य कार्यक्रम राखिएको छ ।"

मन्त्रालयमार्फत कृषि अनुदान तथा प्रोत्साहनमा बर्सेनि बजेटको ठूलो हिस्सा खर्च हुने गर्छ । कृषि अनुदानको दुरुपयोग बढेपछि पछिल्लो समय उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न थालिएको छ । वास्तविक व्यावसायिक पहिचान गरी प्रोत्साहन रकम उपलब्ध गराइने प्रमुख डा न्यौपानेले बताउनुभयो । गत आवमा विपन्न बस्तीमा मुख्यमन्त्री कार्यक्रमअन्तर्गत पाँच सय ३० परिवारलाई जीविकोपार्जनमा सहयोग गरिएको थियो । विपन्न घरपरिवारका लागि बाख्रापालन, भकारो सुधारलगायत कार्यक्रममा सहयोग प्रदान गरिएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत 'ब्लक' विकास कार्यक्रममा रु सात करोड १३ खर्च भएको उहाँले बताउनुभयो । मन्त्रालयले गत आवमा मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषिगाउँ, तरकारी खेतीका लागि प्रोत्साहन, बाँझो जग्गामा खेती प्रवर्द्धन, बिज वृद्धि, रैथाने बाली संरक्षण, कृषि उद्यम विकासलगायतका कार्यक्रम सञ्चालन गरेको थियो । यी कार्यक्रमले चालु आवमा पनि निरन्तरता पाउने मन्त्रालयले जनाएको छ । मन्त्रालययले गत आवमा प्रदेशका हिमाली र उच्च पहाडी भेगमा उच्च घनत्व प्रविधिमा आधारित स्याउखेती विस्तारका लागि पनि किसानलाई अनुदान दिएको थियो । मुस्ताङ, मनाङ, बागलुङ, गोरखालगायत जिल्लामा गरी पाँच सय ७२ रोपनी क्षेत्रमा स्याउखेती विस्तार भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ । स्याउखेती विस्तार तथा व्यवसायीकरण आयोजनाबाट तीन सय ९२ र शितोष्ण फलफूल विस्तार तथा व्यवसायीकरण आयोजनामार्फत एक सय ८० रोपनी क्षेत्रफलमा स्याउखेती विस्तार भएको हो । गत आवमा स्याउखेती विस्तारतर्फ रु ११ करोड ५० लाख र शितोष्ण फलफूल विस्तारमा रु छ करोड बजेट खर्च भएको निर्देशनालयले जनाएको छ ।

## पुम्दीकोटको ...

निर्माण भइरहेको छ । पछिल्ला समयमा पुम्दीकोट धार्मिक पर्यटकीय गन्तव्यका रूपमा स्थापित बन्दै गर्दा यस क्षेत्रका बाटाघाटा एवम् अन्य विभिन्न पूर्वाधार निर्माणले गति लिएको छ । पुम्दीकोटमा स्वदेशी एवम् विदेशी पर्यटकको बढिरहेको आकर्षणले यो पोखराको महत्वपूर्ण गन्तव्यका रूपमा स्थापित बनिरहेको विशाल महादेव मूर्ति निर्माण अभियानका संयोजक एवम् पुम्दीकोट कोट विकास समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताउनुभयो । गुरुयोजनामा समेटिएका पूर्वाधार निर्माणका काम बढिरहेको बताउँदै उहाँले हालसम्म करिब रु २६ करोड लगानी भइसकेको जानकारी गराउनुभयो । समितिले मूर्तिसहित संरचना निर्माणका लागि रु ४० करोड लागत अनुमान सहितको गुरुयोजना तयार गरेको थियो । निर्माण कार्यका लागि समिति स्वयम्ले नै सक्रियता देखाइरहेका कारण लक्षित लागत अनुमानमा अन्य बाँकी काम सम्पन्न हुने विश्वास लिएको अध्यक्ष बरालले बताउनुभयो । "विभिन्न स्थानका साथै भारतलगायत विदेशी मुलुकबाट पनि पर्यटक पुम्दीकोट पुग्ने गरेका छन्", उहाँले भन्नुभयो, "यहाँ देखिएको आकर्षणले योस्थल पशुपतिनाथ पछिको दोस्रो तीर्थस्थलका रूपमा स्थापित बन्ने हाम्रो विश्वास छ ।" पोखराको मुख्य बजार क्षेत्रबाट झण्डै १३ किमी दूरीमा रहेको यहाँबाट पोखरा र लेखनाथका विभिन्न भू-भागसँगै धवलागिरि, अन्नपूर्णजस्ता हिमशृङ्खलालाई नाङ्गो आँखाले अवलोकन गर्न सकिन्छ । प्रकृतिको बरादानयुक्त स्थानलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउने लक्ष्यसहित विसं २०७३ फागुनमा यहाँ महाशिवपुराण लगाइएको थियो । उक्त समयमा महायज्ञबाट रु छ करोड १८ लाखसहित दानस्वरुप २० रोपनी जग्गा प्राप्त भएको थियो । समितिले लक्षित पूर्वाधार निर्माणलाई सम्पन्न गर्ने लक्ष्यसहित २०७८ सालमा दोस्रो पटक महायज्ञ लगाएको थियो । उक्त महायज्ञबाट करिब रु तीन करोड दान सहयोग प्राप्त भएको थियो । यहाँको विकासलाई पछिल्लो समयमा सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहले सक्रियता देखाएका छन् । विभिन्न तिथि तथा पर्वमा ठूलो सङ्ख्यामा धार्मिक पर्यटक पुम्दीकोट आउने गरेको मूल पूजारी भरत पौडेल बताउनुहुन्छ । प्रत्येक दिन बिहान ५ बजेदेखि बेलुका सन्ध्याकालीन आरतीसम्म यस धाममा पूजाआजा हुने गरेको उहाँले जानकारी दिनुभयो । समय-समयमा आउने भक्तजनबाट हुने गरेको दान सहयोगबाट मात्रै हालसम्म पुम्दीकोटमा रु पाँच करोड सङ्कलन भइसकेको छ । गत शिवरात्रिमा मात्रै ५० हजारभन्दा बढी दर्शनार्थी पुम्दीकोट आएका थिए । सदस्य बरालका अनुसार समितिले शिवलिला, वन्यजन्तुको जीवनचक्र देखाउने प्रोजेक्टर निर्माणका लागि छलफल समेत गरिरहेको र त्यसका लागि करिब रु पाँच करोड खर्च लाग्ने अनुमान गरिएको छ । निर्माणकार्य अन्तिममा पुगेको सुमेरु पर्वत लगायत बनिरहेका संरचनाले यहाँको गरिमा र महत्वलाई अझै बढाउने उहाँले बताउनुभयो ।

## कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि.
## पोखरा-८, सभागृहचोक, कास्की

### एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कर्मशिल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८०/०५/०२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको **एघारौं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा तपसीलका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुमा अनिवार्य उपस्थितिको लागि विनम्र अनुरोध गर्दछौं ।

**प्रस्तावित विषयहरु :**

१. संचालक समितिको तर्फबाट सचिवको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
२. आ.व.२०७९/०८० को लेखापरिक्षकको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
३. कोषाध्यक्षको तर्फबाट आ.व.२०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित सम्बन्धमा ।
४. लेखा सुपरिवेक्षण समितिको तर्फबाट लेखा संयोजकबाट प्रस्तुत प्रतिवेदन सम्बन्धमा ।
५. आ.व.२०८०/०८१ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. शेयर लाभांश तथा संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नाम चयन गर्ने सम्बन्धमा ।
८. विविध ।

**तपसील :**

मिति : २०८० साल असोज ६ गते, शनिबार
समय : बिहान ८:०० बजे
स्थान : साइमन पार्टी प्यालेस, सिर्जनाचोक, पोखरा
सर्म्पक नं : ०६१-५८०७९६, ५४४७९५ र ९८०५२४१७९५

**नोट :**

- यस वर्ष +२ उत्तीर्ण शेयर सदस्यका छोराछोरीहरुको लब्धाङ्क पत्रको प्रतिलिपि यही मिति २०८०/०५/२५ गते भित्र कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछौं ।
- शेयर सदस्यहरुका लागि खाजा,खाना तथा यातायात भत्ताको व्यवस्था गरिएको जानकारी गराईन्छ ।

ज्ञान प्रसाद अर्याल
सचिव


# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन् जो भाग्यलाई फुकाउँछन् र उसँग गुनासोको बाहुल्यता रहन्छ । - गौतम बुद्ध

## सम्पादकीय

# सर्वोच्चको स्वागत योग्य आदेश

सर्वोच्च अदालतको संवैधानिक इजलासले स्थानीय पूर्वाधार साझेदारी तथा विकास कार्यक्रम (सांसद विकास कोष) कार्यान्वयनमा रोक लगाएको छ । संघीय र प्रदेश सरकारले चालू आर्थिक वर्षको बजेटमा स्थानीय पूर्वाधार साझेदारी तथा विकास कार्यक्रम (सांसद विकास कोष)का लागि बजेट विनियोजन गरेका थिए । संघीय संसद्ले प्रत्येक सांसदका लागि पाँच करोड र प्रदेश सभाले दुईदेखि पाँच करोडका दरले रकम विनियोजन गरेका थिए । सांसदले योजना बाँड्ने कार्यक्रमले विकृति निम्त्याएको र अनियमितता भएको भन्दै विरोध भएको थियो । देशमा सुशासन कायम गर्न सर्वोच्च अदालतले दिएको आदेश महत्वपूर्ण छ ।

संघीय र प्रदेश सरकारका यो कार्यक्रम विरुद्ध अधिवक्ता त्रिलोकबहादुर चन्दले सर्वोच्चमा रिट दायर गरेका थिए। रिटमा सांसदको यो कार्यक्रम कार्यान्वयनमा रोक लगाउन अन्तरिम आदेश माग थियो । रिटमाथि बुधबार सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले कार्यान्वयनमा रोक लगाएको छ । सर्वोच्चका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउतको इजलासले संघीय र प्रदेश सरकारलाई तत्काल यो कार्यक्रम कार्यान्वयन नगर्न र नगराउन आदेश दिएको छ ।

संवैधानिक इजलासले सांसदको भूमिकाका विषय पनि उल्लेख गरेको छ । 'नेपालले शक्ति पृथकीकरणको सिद्धान्तमा आधारित लोकतान्त्रिक शासन प्रणालीलाई अंगीकार गरेको एवं सो अन्तर्गत कार्यकारिणी अधिकार संघको हकमा नेपालको संविधानको धारा ७५ ले संघीय मन्त्रिपरिषद् र प्रदेशको हकमा धारा १६२ ले प्रदेश मन्त्रिपरिषद्मा निहित रहने व्यवस्था गरेको छ,' सर्वोच्चको आदेशमा भनिएको छ, 'संघीय र प्रदेश व्यवस्थापिकाको मूल कार्य व्यवस्थापकीय प्रकृतिको कार्य नै हुने देखिन्छ । संघीय सांसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान गरेको देखिँदैन ।'

सर्वोच्चले सांसद आफैंले संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासका नाममा रकम छुट्याउँदा स्वार्थ बाझिने उल्लेख गरेको छ । यस किसिमको विकास निर्माणको कार्यले सुशासनलाई प्रवर्द्धन गर्नेमा पनि सर्वोच्चले प्रश्न उठाएको छ । सांसदले गर्ने खर्च सुशासनको मान्यता विपरीत पनि हुने सर्वोच्चको ठहर छ । उसले भनेको छ, 'विकास योजना निर्माण र कार्यान्वयन सम्बन्धी स्वीकृत अभ्यास र मान्यता प्रतिकूल हुने गरी सीमित आर्थिक क्षमता रहेको मुलुकमा राष्ट्रिय ढुकुटीको ठूलो हिस्सा (अर्थात् संघ र प्रदेश समेतबाट अर्बौं रकम) केही खास जनप्रतिनिधिहरूको वैयक्तिक तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकूल हुने देखिँदैन ।' जनस्तरमा चर्को विरोध पछि हटेको सांसद विकास कोष गठबन्धन सरकारले सत्ता टिकाउन ल्याएको हो ।

केही प्रदेशमा सांसद विकास कोष पाँच करोड पुऱ्याउने गरि बजेट पारित भएको थियो । केपी शर्मा ओली नेतृत्वको सरकारले हटाएको विवादित कार्यक्रम बजेटमा राखेर गठबन्धन सरकारले भ्रष्टाचारमा लिप्त बनाउने कामलाई सर्वोच्चले रोकेर स्वागतयोग्य काम गरेको छ । यसरी सांसदले सरकारी कोषको रकम खर्च गर्दा अपनाउनुपर्ने पारदर्शिता र जवाफदेही सम्बन्धी विषय पनि विचारणीय बन्न जाने सर्वोच्चको भनाइ छ। सांसद विकास कोष सम्बन्धी मुद्दा नटुङ्गिएसम्म कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेश दिएको छ । यससँगै सर्वोच्चले निवेदकको माग बमोजिम आदेश किन गर्नु नपर्ने हो कानून बमोजिमको आधार कारण भए लिखित जवाफ पेश गर्न पनि भनेको छ । सत्ता टिकाउन गरिने विवादित र संविधान र कानुन विपरीत काममा सर्वोच्चले रोक्दै आएको छ । सांसद विकास कोषलाई रोक लगाएर भ्रष्टाचार रोकन र सांसदहरूलाई आफ्नो भूमिकामा रहन सचेत पनि गराएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : मानसिक तनाव | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शारीरिक झमेला | धनु | : मन चञ्चल |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# 'तीव्र गतिकै कारण बस त्रिशूलीमा खस्यो'

रासस
काठमाडौं, ६ भदौ

काठमाडौंबाट पोखरा हुँदै म्याग्दीको बेनीतर्फ जाँदै गरेको बस तीव्र गतिकै कारण दुर्घटनामा परेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार बसले अगाडिको गाडी उछिन्ने क्रममा अथवा सडकको खाल्डो छल्राउन खोज्दा अनियन्त्रित भई सब त्रिशूलीमा खसेको हुनसक्ने प्रारम्भिक अनुसन्धानले देखिएको छ । बस खसेको स्थानको कुनापट्टि पानीको छाँगो छ । त्यही छाँगोको पानी कटाउने रेलिङ बिनाको सानो पुल छ । पुल भएको नजिकै सडकमा दुई मिटर जति लम्बाइको खाल्डो छ । पुल र छहराले गर्दा त्यो स्थानबाट दोहोरो सवारी पास हुन हम्मेहम्मे छ । प्रहरी उपरीक्षक गौतम भन्नुहुन्छ, "कि त अगाडिको गाडी उछिन्ने क्रममा अनियन्त्रित भयो कि खाल्डो छलाउन खोज्दा चालक आत्तिएर बस अनियन्त्रित भयो । सडक र चालककै कमजोरीले दुर्घटना भएको हुनसक्छ ।" रेलिङ बिनाको पुलबाट खसेको बस पहिलोपटक ढुङ्गाको पहरामा बजारिएर दोस्रो पटकमा मात्रै त्रिशूली नदीमा खसेको देखिन्छ । काठमाडौँबाट पोखरा हुँदै म्याग्दीको बेनीतर्फ जाँदै गरेको प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस बुधबार बिहान धादिङको गजुरी-२ चालिसेस्थित छहराबाट त्रिशूली नदीमा खसेको थियो । दुर्घटनामा दुई जना महिलासहित आठ जनाको मृत्यु भएको छ । सत्र जना घाइते भएका छन् । एक जना बेपत्ता भएको आशङ्कामा खोजीकार्य जारी छ ।

# एशियाली शारीरिक सुगठनमा २५ राष्ट्रको सहभागिता रहने

रासस
काठमाडौं, ६ भदौं

नेपाल शारीरिक सुगठन तथा फिटनेस् महासङ्घको आयोजनामा राजधानीमा ५५औँ एशियाली शारीरिक सुगठन तथा फिजिक्स स्पोर्टस् प्रतियोगिता हुने भएको छ ।

यही भदौ १५ गतेदेखि २१ गतेसम्म हुने उक्त प्रतियोगितामा एशियाली राष्ट्का २५ राष्ट्रले भाग लिने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक महासङ्घको अध्यक्ष राजेशबाबु श्रेष्ठले जानकारी दिनुभयो ।

नेपालमा पहिलो पटक एशियालीस्तरको उक्त प्रतियोगिता हुन लागेको हो । दरबारमार्गस्थित याक एण्ड यती होटलमा हुने उक्त प्रतियोगितामा पुरुषतर्फ २८, महिलातर्फ १६ र मिक्सतर्फ एक गरी ४५ विधामा प्रतिस्पर्धा हुनेछ ।

सात दिनसम्म सञ्चालन उक्त प्रतियोगिताको उद्घाटन खेलमा विभिन्न १६ वटा विधामा प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।

# बेनी-जोमसोम सडक पाँच दिनपछि खुल्यो

रासस
म्याग्दी, ६ भदौं

मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ को जलथलेदेखि दुवारी खण्डको सडक पाँच दिनपछि सञ्चालन भएको छ ।

अन्नपूर्ण गाउँपालिकाको जलथले, गुँठे, सुकेबगर, खामभित्ता लगायतका क्षेत्रमा अविरल वर्षासँगै ५० भन्दा बढी ठाउँमा खसेको पहिराका कारण ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडकमा शनिबारदेखि सिधा यातायात सञ्चालन हुन सकेको थिएन । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले पहिरो पन्छाएर आज बिहान सडक खुलाइएको जानकारी दिनुभयो । "कालीगण्डकीको कटान, कमजोर भूगोल, भूमिगत पानीको उचित व्यवस्थापन नहुनु र शाखा सडकका कारण सिर्जना भएको पहिराले जलथले-दुवारी खण्डको सडक क्षतविक्षत बनाएको छ", उहाँले भन्नुभयो, "चार डोजर, मलगायत आयोजनाका इन्जिनियर र प्राविधिकहरूको टोली पाँच दिनदेखि खटेर सडक खुलाएका छौं ।" सडक खुलेपछि जलथले र दाना क्षेत्रमा रोकिएका सवारी साधनहरू गन्तव्यतर्फ लागेका छन् । सडक अवरुद्ध भएपछि दानादेखि नारच्याङको घारापसम्म हिलाम्मे सडकमा कष्टपूर्ण यात्रु पैदलयात्रा गर्न बाध्य भएका थिए । सडक मर्मतका क्रममा गुँठेको भीरबाट खसेको ढुङ्गाले चोट लागेर सडक विभागका डोजर अपरेटर नारायण गिरी र सवारी चालक सुभाष कुमाल घाइते भएका आयोजना प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

आयोजना प्रमुख प्रजापति, इञ्जिनियर विष्णु चापागाईं, सवारी चालक अजय स्याङ्ताङ, सुपर भाइजर इन्द्रसिंह शेरचनसहितको टोली पहिरो पन्छाउने र सडक मर्मतमा परिचालन भएको थियो । म्याग्दीका प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा पहिरोको जोखिम रहेकाले रातको समयमा र अत्यावश्यक काम नपरी यात्रा नगर्न सूचना प्रकाशन गरेर यात्रुहरूलाई अनुरोध गरेको बताउनुभयो । गत साउन २४ गते बेनी-जोमसोम सडकअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ र ३ को सीमा क्षेत्रमा पर्ने बैसरी अँधेरीखोलामा पहिरो खसेर घाइते भएका गाडी चालक अन्नपूर्ण-७ मझीरका ४० वर्षीय लुप्सन शेरपुजाको मृत्यु भएको थियो । बैसरीमा १२ दिन अवरुद्ध भएको सडक साउन ३१ गते खुलाइएको थियो । बैसरीको पहिराको समस्या समाधान भए पनि जलथले-दुवारी खण्डमा पहिराले दुःख दिन थालेको छ ।


**बुटिक बिक्रीमा**

सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।

**सम्पर्कः** ९८१५१५६३०३


# रेडियो जननीले तीज गित प्रतियोगिता गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं

हरितालिका तीजको अवसरमा रेडियो जननी ९०.६ मेजाहर्जले तिज गित प्रतियोगिताको आयोजना गर्ने भएको छ । "महिलाको आर्थिक सशक्तिकरणको लागि उद्यमशिलता, आजको आवश्यकता र सम्भावनाहरु" भन्ने उद्घोषका साथ रेडियोले भदौं २३ गते प्रतियोगिताको आयोजना गर्न भएको हो ।

प्रतियोगिताको लागि भदौं १२ देखि १५ गतेसम्म टिम दर्ता गराउन रेडियोले आग्रह गरेको छ । टिम दर्ता गर्न आउँदा प्रतिष्पर्धामा गाईने गित लिएर आउनुपर्ने रेडियोका अध्यक्ष हिरा भट्टराईले जानकारी दिनुभयो । दर्ता भएका गित मध्ये उत्कृष्ट गितलाई छनौट गरि यहि भदौं १७ देखि २० गते भित्र रेडियो जननीको कार्यालयमा बोलाएर प्रतिष्पर्धीलाई गित गाउन लगाइने छ, जुन रेडियो तथा विभिन्न सामाजिक सञ्जालमार्फत प्रत्यक्ष प्रशारण हुने रेडियोले जनाएको छ ।

प्रथम चरणवाट छानिएका उत्कृष्ट ७ समुहले भदौं २३ गते अन्तिम चरणको कार्यक्रममा प्रतिष्पर्धा गर्नुपर्ने छ । प्रतियोगितामा प्रतिषर्धा गर्ने गित १० मिनेट भन्दा लामो हुनुहुदैन भने समुहमा बढीमा १० जना मात्र सहभागी हुनुपर्ने रेडियोले जनाएको छ । त्यस्तै गित महिलाको आर्थिक सशक्तिकरणको लागि उद्यमशिलता, आजको आवश्यकता सम्भावनाहरु भन्ने विषयमा हुनुपर्ने छ । गित पहिला कतै प्रकाशित वा प्रशारित नभएको हुनुपर्ने र पोशाकमा एकरुपता हुनुपर्नेछ । त्यस्तै अनिवार्य रुपमा रेडियो जननीको टिकटक आईडी फलो गरि दर्ता भएको गित पोस्ट गरि रेडियोलाई ट्याग गर्नुपर्ने छ ।

प्रतियोगितामा प्रथम, द्धितिय, तृतीय र सान्त्वनालाई क्रमश : २० हजार, १५ हजार, १० हजार र ५ हजार नगद पुरस्कार सहित प्रमाणपत्र प्रदान गरिने छ । अन्तिम प्रतिस्पर्धाको कार्यक्रम भदौं २३ गते गण्डकी प्रज्ञा प्रतिष्ठान, बगर १ पोखरामा हुने छ । प्रतियोगितामा सहभागी हुन चाहाने समुहले २ सय दर्ता शुल्क सहित रेडियोको कार्यालय सृजनाचोकमा सम्पर्क गर्न सक्नेछन् ।

# शिक्षाको गुणस्तर बडाउन वडामा अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, ६ भदौं



पोखरा महानगरपालिका वडा न. २५ को वडा भित्र रहेका शैक्षिक संस्थामा शिक्षाको गुणस्तर बडाउन बुधबार अन्तरक्रिया गरिएको छ ।

शैक्षिक संस्थामा शिक्षाको गुणस्तर बडाउन वडा तथा महानगरले गर्नुपर्ने क्रियाकलाप बारे छलफल गर्न कार्यक्रम आयोजना गरिएको वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाले बताउनुभयो । उहाँले वडा बाट समाधान गर्न मिल्ने समस्यलाई तत्काल सम्बोधन गर्ने र अन्य विषयगत समस्या अनुरुप सम्बन्धित निकायमा पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका शिक्षा महाशाखा प्रमुख भिम प्रसाद आचार्यले शिक्षाका लागि आउने आर्थिक गतिविधि बारे जानकारी दिँदै शिक्षामा सन्तोष लिन नहुने बताउनुभयो । आगामी दिनमा शिक्षा समितिले अनुगमन गर्ने बताउँदै शिक्षामा प्रविधिको प्रयोग गर्न आग्रह गर्नुभयो । कार्यक्रममा वडा सचिव सुबोध खनालले गत बर्ष वडामा भएका उपलब्धिको जानकारी गराउनु भएको थियो । बिद्यालयमा अनुगमन गर्नुपर्ने उल्लेख गर्दै बिद्यार्थीलाई वडा बाहिर जान नपर्ने बनाउन पर्नेमा सहभागीको भनाइ छ । सहभागीले सामुदायिक र संस्थागत बिद्यालयले एउटै पात्रो मा चल्नुपर्ने उल्लेख गर्दै सामुदायिक विद्यालयमा धैरै बिदा भएको गुनासो गरेका थिए। बाल शिक्षालाई लगानी गर्नुपर्ने बताउँदै सामुदायिक विद्यालयमा भौतिक अभाव रहेको गुनासो रहेको छ । वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सुचना अधिकृत ईश्वरीप्रसाद बाँस्तोलाले गर्नुभएको थियो ।

# नेपालद्वारा कुवेत पराजित

रासस
काठमाडौं, ६ भदौं

चार देश सम्मिलित महिला टी-ट्वान्टी आई सिरिजमा नेपालले कुवेतलाई पराजित गरेको छ ।

मलेसियामा बुधबार भएको खेलमा नेपालले कुवेतलाई ३४ रनले पराजित गरेको हो । यस जीतसँगै नेपालले लगातार दोस्रो जीत दर्ता गराएको छ । हिजो भएको पहिलो खेलमा नेपालले हङकङलाई पराजित गरेको थियो । नेपालले दिएको ९० रनको लक्ष्य पछ्याएको कुवेत निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ५५ रनमा समेटियो । कुवेतका लागि जिफा जिलानीले १९ बलमा एक चौकासहित सर्वाधिक ११ रन बनाइन् । त्यस्तै खादिजा खलिलले २२ बलमा १० रन बनाइन् । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

नेपालका लागि इन्दु बर्माले तीन तथा खुसी डङ्गोलले दुई विकेट लिइन् । ईश्वरी विष्ट, कविता कुँवर र सीता रानामगरले समान एक/एक विकेट लिए ।

त्यसअघि मलेसियाको बायोमास ओभलमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ८९ रन बनाएको थियो । नेपालका लागि इन्दु बर्माले सर्वाधिक २३ रन बनाइन् । बिन्दु रावलले २० रन बनाउँदा काजल श्रेष्ठले अविजित १९ रन बनाइन् । नेपालका अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । कुवेतका लागि मरिन्मा हैदरले चार विकेट र मरयाम ओमरले दुई विकेट लिइन् । उक्त सिरिजमा नेपाल दुई खेलमा चार अङ्क जोड्दै शीर्ष स्थानमा छ । अब नेपालले आफ्नो तेस्रो खेल शुक्रबार मलेसियासँग खेल्नेछ ।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०५/०६

यस कार्यालयबाट मिति २०७८/०६/१५ मा कास्की जिल्ला मादी ०८ कास्कीमा संचालन गर्ने गरि मादी ०८ कास्की निवासी हर्क बहादुर शाहीको नाममा दर्ता भएको फर्म दर्ता नं. २१३३३/०७८/०७९(७३१) को ह. वि. शाही कृषि तथा पशुपालन फर्म नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०५/०६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# पर्यटकहरूको आकर्षण केन्द्र बन्दै झाँगाझोली

**रासस**
तनहुँ, ६ भदौं

शुक्लागण्डकी नगरपालिका-६ स्थित पृथ्वी राजमार्गको खैरेनीटार बजारबाट दुई दशमलव पाँच किलोमिटर दूरीमा झाँगाझोली रहेको छ। पर्यटनको प्रचुर सम्भावना रहेको यस झाँगाझोली तीनखोले मोटरमार्ग हुँदै जान सकिन्छ । झाँगाझोलीमा तीन जनाको रु डेढ करोड लगानीमा करिब १७ रोपनी क्षेत्रफलमा आकर्षक रिसोर्ट निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

यहाँ दैनिक तीन सयदेखि चार सयसम्म आन्तरिक पर्यटकको भ्रमणमा आउने गर्दछन् । प्राकृतिक रुपले धनी झाँगाझोलीको विकासका लागि तीनवटै सरकारले ध्यान दिन सके पर्यटन क्षेत्रमा कायापलट हुन सक्ने सम्भावना देखिएको छ।

झाँगाझोली हुँदै बग्ने कञ्चनकुम्ले खोलामा मानव निर्मित सुन्दर ताल बनाउनका लागि सम्भाव्यता अध्ययन भइरहेको छ । ताल निर्माण र जङ्गल सफारी बनाउनेतर्फ पनि छलफल भइरहेको शुक्लागण्डकी-६ का वडाध्यक्ष बुद्धि थापाले बताउनुभयो । पछिल्लो समय झाँगाझोलीमा मानिसहरूको आवागमनले यस क्षेत्रमा चहलपहल बढ्दै गएको पर्यटकीय गन्तव्यका रूपमा परिचित बन्दै गएको उहाँ बताउनुहुन्छ । अन्य साहसिक खेलहरूका लागिसमेत पनि यो क्षेत्र उपयुक्त मानिएको छ । घना जङ्गलको भएकाले यहाँ आध्यात्मिक गतिविधिका लागि ध्यान केन्द्रलगायत विविध प्राकृतिक पर्यटकीय आकर्षण केन्द्र बनाउन सकिने झाँगाझोली सञ्चालक शङ्करप्रसाद अधिकारीले बताउनुभयो । खोलाको वरपर रहेको घना जङ्गलको हरियाली र चराचुरुङ्गीको आवाजले झाँगाझोली क्षेत्रमा आउने पर्यटकलाई मुग्ध बनाउने गर्दछ । चालु आर्थिक वर्षमा झाँगाझोलीदेखि दरगाउँसम्म सडकको स्तरोन्नतिका लागि सङ्घीय सरकारले रु ३५ लाख बजेट विनियोजन गरेको छ । सो सडक निर्माण कार्य सम्पन्न भएपछि झाँगाझोली आवतजावतमा अझ सहज हुनेछ। खैरेनीटारदेखि झाँगाझोली हुँदै तीनखोले देवी मार्गको बाँकी निर्माणकार्यसमेतयथाशीघ्रसम्पन्न हुनुपर्ने सो क्षेत्रका स्थानीयवासी बताउँछन् । 'शुक्लागण्डकीको पहिचान झाँगाझोलीको योगदान कृषि र पर्यटन हाम्रो अभियान' भन्ने मूल नाराका साथ कृषि तथा पर्यटनसम्बन्धी कार्यलाई अगाडि बढाएको छ । सिन्धुली जिल्लाको झाँगाझोली हाल सुनकोशी गाउँपालिकामा पर्दछ । विपी राजमार्गमा पर्ने झाँगाझोलीमा रहेका ऐतिहासिक, सांस्कृतिक, धार्मिक मठमन्दिर समेतका सम्पदाहरू समेटेर तनहुँ झाँगाझोली सञ्चालनमा ल्याइएको हो।

विशेषतः सिन्धुलीझाँगाझोलीमा रहेका दुम्जा कुशेश्वर महादेव, झाँगाझोली गुठ बजारस्थित गुठ बजार राम मन्दिर रातामाटास्थित गणेशथान मन्दिर, मूलकोटमा रहेको बालाकेश्वर मन्दिर, गैरी पुछारमा रहेको मुकुटेश्वरी मन्दिर, सिन्धुली झाँगाझोली हुँदै बग्ने सुनकोशी नदी, नाङ्गेडाँडा स्थित सिद्धाथान मन्दिर, सहस्रधारादेवी खाल्टे चैनपुरमा रहेको शीतलपाटी र ऐतिहासिक लप्से खोला कुवाको निर्माण गरिनेछ । त्यसैगरी, सिन्धुली झाँगाझोलीका बोहोरेटार, गुठ बजार, रातामाटा, कालीमाटी, लक्ष्मीडाँडाजस्ता गाउँहरूको नामबाट घरहरू निर्माण गरिनेछन् । सातवटै प्रदेशका विशिष्टीकृत, उत्पादनको प्रवर्द्धनका लागि प्रादेशिक कोसेली घरसमेत निर्माण गर्ने योजना रहेको छ।

# फेरि जाग्दै र्‍यान्डम रिडर्स, अध्यक्षमा रुपिन्द्र सर्वसम्मत

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं



लामो समयदेखि सुस्ताएको र्‍यान्डम रिडर्स सोसाइटी पुनः जाग्ने भएको छ । सोसाइटीका सदस्यहरूको भेलाले रुपिन्द्र प्रभावीको नेतृत्वमा सर्वसम्मत रूपमा नयाँ कार्यसमिति गठन गरेसँगै सोसाइटीले आफ्नो यात्रालाई पुनः निरन्तरता दिन लागेको हो।

यसअघि सोसाइटीका उपाध्यक्ष रहेका रुपिन्द्रले संस्थाको स्थापना कालदेखि नै विभिन्न पदमा रही कार्य गर्दै आएका छन् । गजल सन्ध्या, पोखराका पूर्व अध्यक्ष रहेका उनी हाल शिवालय माध्यमिक विद्यालयका प्रधानाध्यापकसमेत हुन् । शिक्षणसँगै साहित्य सिर्जना र सञ्चार क्षेत्रमा समेत उनी क्रियाशील छन् । २०६७ मा पोखरामा स्थापना भई पठन संस्कृतिको विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै आएको सोसाइटी कोरोनाको महामारीपछि सुस्ताएको थियो । संस्थालाई थप गतिशील बनाउने उद्देश्यले गठित कार्यसमितिको उपाध्यक्षमा अनुपमणि अधिकारी र गौरी तमु, सचिवमा नेपाल प्रकाश अधिकारी, कोषाध्यक्षमा ध्रुव केसी र सहसचिवमा दीपक पराजुली रहेका छन् । यस्तै, सदस्यहरूमा अमृत सुवेदी, रामजीप्रसाद आचार्य, विष्णु सुवेदी, बाबुराम सुवेदी, दुर्गा राना र एलिसा विक रहेका छन् । एक महिला सदस्य पछि थपिने सचिव नेपाल प्रकाश अधिकारीले जानकारी दिए। त्यसै गरी समितिको पहिलो बैठकबाट सल्लाहकारहरूमा पूर्व अध्यक्षत्रय गनेस पौडेल, उपेन्द्र पौडेल र केशवशरण लामिछाने तथा पूर्व कोषाध्यक्ष मीरा ढकाल चयन भएका छन् । सोही बैठकले निवर्तमान अध्यक्ष केशवशरण लामिछानेको संयोजकत्वमा हसिना बस्नेत र विजय भण्डारी सदस्य तथा संस्थाका अध्यक्ष र सचिव पदेन सदस्य रहने गरी पुस्तक छनोट समिति पनि गठन गरेको छ । यसै बिच, नयाँ कार्यसमितिले पहिलो कार्यक्रम आगामी भदौ ३० गते शनिबार डा. नवराज केसीको कृति 'शून्यको मूल्य' माथि गणेश कार्कीको परिचर्चासहित सञ्चालन गर्ने बताइएको छ । हरेक महिनाको अन्तिम शनिबार बिहान ८ बजे हिमालयन रिडर्स कर्नरमा हुने कार्यक्रमलाई निरन्तरता दिनुका अलावा केही नयाँ योजनासहित समिति अघि बढ्ने संस्थाले जनाएको छ।

# झाडी फाँडेर कागती खेती

**पोखरापत्र संवाददाता**
पोखरा, ६ भदौं

दृढ इच्छाशक्तिका साथ लगनशील हुने हो भने पैसा कमाउन विदेशिनुपर्दैन भन्ने उदाहरण यहाँका एक किसानले दिएका छन् । पोखरा महानगरपालिका-३१ स्याङखुदीस्थित खनास्वारामा झाडी फाँडेर गरिएको व्यावसायिक कागती खेतीबाट राम्रो आम्दानी गर्नुभएका स्थानीय किसान टुकाराम लामिछाने यतिखेर सबैका लागि प्रेरणाको स्रोत बन्नुभएको छ।

नेपाल सरकारको जागिर छोडेर पाँच वर्षअघि सुरु गरिएको व्यावसायिक कागती खेतीले आम्दानी दिन थालेको उहाँले जानकारी दिनुभयो । "बेगनास तालको जलाधार क्षेत्रअन्तर्गतको भिरोलो पाखोमा लगाइएका सात सय कागतीका बिरुवाले फल दिन थालेको छ" लामिछानेले भन्नुभयो, "दिनमा ५० केजीसम्म कागती उत्पादन हुने गरेको छ प्रति केजी रु एक ५० मा बिक्री गर्दा रु दैनिक सात हजार पाँच सय आम्दानी हुने गरेको छ ।"बाँदरलगायत वन्यजन्तुले नोक्सान नगर्ने, रोग कम लाग्ने, हेरचाहमा पनि धेरै समय खर्च गर्नुनपर्ने र बजार पनि राम्रो भएका कारण कागती खेतीमा भविष्य देखेको उहाँको भनाइ थियो । धरानको पाख्रीवासबाट प्रतिगोटा दुई सयका दरले विरुवा खरिद गरेर २०७५ साल साउनमा रोपिएका सोना जातका सबै कागतीका बिरुवाले फल दिन थालेका छन् कागती रसिलो भएका कारण बजारको माग पनि राम्रो छ। स्याङ्जास्थित कृषि ज्ञान केन्द्रको सिफारिसमा लगाइएका उन्नत जातको लेमनका दुई सय बिरुवा लटरम्म फलेका छन् लगभग १० क्विन्टल फल उत्पादन भएको छ ठूलो आकारको फल भए पनि बजार भने नपाइएको लामिछानेले रासससँग गुनासो गर्नुभयो । कागतीको बोटले फल धान्न नसकेर हाँगा भाँचिन थालेका छन् । रोपेको चार वर्षमै फल दिन सुरु गरेको कागतीको एउटै बोटले रु १२ हजार बराबर ८० किलो फल दिएको थियो" उहाँले भन्नुभयो, "कागतीको फल बिक्रीबाट अघिल्लो वर्ष रु आठ लाख कमाइएको थियो, यसवर्ष रु २० लाखभन्दा बढी आम्दानी हुने विश्वास छ ।" पछिल्लो समय चिया र खानामा कागतीको अत्याधिक प्रयोग हुने हुँदा बजारमा माग अत्याधिक रहेको छ सम्भवत कास्कीमै पहिलो व्यावसायिक कागती खेती सुरु गर्नुभएका लामिछानेले भन्नुभयो,"राज्यको तर्फबाट किसानलाई आवश्यक सहयोग हुने हो भने कागतीलगायत तरकारीमा आत्मनिर्भर बन्न सकिन्छ ।" कागती खेतीभित्र अन्तरबालिका रूपमा तरुल र अकबरे खुर्सानी रोपिएको बताउँदै उहाँले थप्नुभयो, "पहिलो वर्ष तरुलबाट रु सात लाख र दोस्रो वर्ष अकबरे खुर्सानीबाट रु छ लाख आम्दानी भएको थियो ।" किसान लामिछानेले भन्नुभयो, "माघे सङ्क्रान्तिका अवसरमा प्रदेश सरकारद्वारा ढुङ्गेसाँघुमा आयोजित कन्दमूल मेलामा तरुललाई प्रथम पुरस्कमार दिएर आफूले रु १० हजार प्राप्त गर्न सफल भएको र यसबाहेक सरकारीस्तरबाट आजसम्म कुनै पनि सहयोग प्राप्त भएको छैन ।" समुद्री सतहबाट लगभग नौ सय मिटरको उचाइमा बेगनासतालसँगै रहेको उहाँको बगैँचामा यसैवर्ष स्याउसमेत फलेको छ। परीक्षणका लागि लगाइएको एउटा स्याउको बोटमा आठदेखि १० वटा फल फलेकोकिसानलामिछानेलेजानकारी दिनुभयो । व्यावसायिकरूपमा कागती खेतीसहित, टिमुर, एभोकाडो, अमला, ओल, अम्बा, सुन्तला, ज्यामिर, निबुवा, स्याउ, ठूलो बयर, रातो केरालगायत विभिन्न जातका फलफूलका बोटबिरुवा उहाँले लगाउनुभएको छ। उत्पादित फल बिक्री वितरणका लागि बजार जानुपर्ने, व्यापारीले समयमा पैसा नदिने हुँदा बगैँचामा दिने समय बाहिर खर्च हुने हुँदा अप्ठेरो परेको उल्लेख गर्दै उहाँले भन्नुभयो, कृषि उत्पादन बारीबाटै उठाइदिने व्यवस्था गर्ने हो भने व्यवसायमा किसानको आकर्षण बढ्ने, आयातित वस्तुलाई विस्थापन गर्ने र आत्मनिर्भर हुँदै स्वरोजगार सिर्जनामासमेत योगदान पुग्ने छ । लिप्टिङ प्रविधिबाट बेगनासतालको पानी तानेर बगैँचामा सिँचाइको व्यवस्था गरिएको बताउँदै लामिछानेले दुईसय मिटर पाइप विस्तारसहित रु तीन लाख खर्च भएको बताउनुभयो । प्रत्येक चार-चार मिटरको फरक एवम् एक-एक मिटर गहिराई र चौडाइका खाल्टामा विरुवा रोपेर सुरु गरिएको कागती खेतीमा रु ७० लाखभन्दा बढी खर्च भएको उहाँको भनाइ थियो। स्याङखुदीमा सुरु गरिएको खेतीले कास्कीमा सुन्तलाजात हराएको छैन भन्ने प्रमाणीत गरेको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । टिपेको दुई हप्तासम्म पनि नबिग्रने, बाँदरले नखाने बढी भएमा अमिलो बनाउन सकिने कागतीखेतीको विस्तारका लागि महानगरले वार्षिक रु आठदेखि १० हजार बिरुवा किसानलाई वितरण गर्दै आएको बताउँदै उहाँले बाँझो तथा भिरालो पाखोलाई पहेँलो सुनको रूपमा लिन र व्यावसायिक कागती खेतीले पोखरालाई आत्मनिर्भर बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# सत्र वर्षदेखि अलपत्र वायु ऊर्जा सञ्चालन गर्न माग

**रासस**
पर्वत, ६ भदौं

विगत सत्र वर्षदेखि अलपत्र बनेको यहाँको एक विकट गाउँको वायु ऊर्जा आयोजना सञ्चालन गर्न स्थानीयले माग गरेका छन्।

महाशिला गाउँपालिका-६ फलामखानीमा करोडौँको लगानीमा बनेको हावाबाट बिजुली निकाल्ने प्रविधि मर्मतसम्भारको अभावमा अलपत्र बनेको हो । दुई दशकअघि स्थापना भई सञ्चालनमा आएको उक्त वायु ऊर्जा समय-समयमा मर्मतसम्भारको अभावमा गुज्रिएको छ । त्यहाँ जडित सामानसमेत काम नलाग्ने अवस्थामा पुगेपछि स्थानीयले मर्मत गर्न माग गरेका छन्।

लथालिङ्ग अवस्थामा रहेको हावाबाट विद्युत् निकाल्ने वायु ऊर्जा केन्द्रलाई पुनः सञ्चालन गर्न स्थानीयले माग गरेका छन् । विसं २०६० मा स्थापना भएको सो केन्द्र २०६३ सालमा तीन वर्षपछि नै बन्द भएको थियो।

टिटिविजी नामक संस्थाले रु एक करोडभन्दा बढीको लगानीमा वायु ऊर्जा आयोजान निर्माण गरेको थियो । संरक्षण र मर्मत हुन नसक्दा सुरु भएको एक वर्षमै बन्द भएपछि वायु ऊर्जा आयोजना अहिले अलपत्र अवस्थामा पुगेको स्थानीय ठाकुर रसाइलीले जानकारी दिनुभयो। त्यसमा भएको लगानी पनि डुबेको उहाँको भनाइ छ।

फलामखानीका वडाध्यक्ष गोविन्द विश्वकर्माका अनुसार समुन्द्री सतहदेखि दुई हजार दुई सय मिटरको उचाइमा रहेको फलामखानी ढडेनको डाँडामा अत्यधिक मात्रामा हावा लाग्ने भएकाले उक्त वायु ऊर्जा स्थापना गरिएको थियो । वायु ऊर्जा सञ्चालनमा आएपछि फलामखानी, भँगरा लगायतका सयौँ घरधुरीले विद्युत् उपभोग गर्दै आएका थिए । उक्त वायु ऊर्जा अहिले अलपत्र परेको अवस्थामा टुलुटुलु हेरेर बस्नु परेको विश्वकर्माले बताउनुभयो।

त्यत्तिकै अलपत्र परेको आयोजनाको काम अगाडि बढाइदिन सम्बन्धित निकायलाई स्थानीयले आग्रह गरेका छन् । हावाको मापनसमेत गर्न सकिने उक्त डाँडामा आयोजनाको काम पुनः परीक्षण गरी अगाडि बढाउन सकिने उहाँले बताउनुभयो। उक्त योजनाबाट पुनः विद्युत् उत्पादन गरी गाउँका सबै घरधुरीमा विस्तार गर्नका लागि जिल्ला समन्वय समिति, ऊर्जा मन्त्रालय लगायतसँग माग गरिएको अध्यक्ष विश्वकर्माले बताउनुभयो।

संयुक्त राष्ट्र सङ्घीय वातावरण कार्यक्रमले तयार पारेको एक रिपोर्टअनुसार नेपालमा तीन हजार मेगावाट विद्युत् हावाबाट उत्पादन गर्न सकिन्छ । उक्त आयोजनाबाट करिब १२ किलोवाट बिजुली उत्पादन हुँदै आएको थियो। वायु ऊर्जा आयोजना पुनर्निर्माण गर्न सकेमा फलमखानी करिब तीन सय घरधुरी र छिमेकी वडा भँगरा र पाखापानीका बासिन्दासमेत प्रत्यक्ष लाभान्वित हुने स्थानीयको भनाइ छ । गाउँपालिकाले उक्त वायु ऊर्जा आयोजनाका बारेमा विस्तृत अध्ययन गरी पुनः सञ्चालनका लागि कार्ययोजना बनाउने तयारी गरेको अध्यक्ष ईश्वरी भुसालले बताउनुभयो । चालु आर्थिक वर्षदेखि नै अलपत्र आयोजनाको व्यवस्थापनमा लाग्ने उहाँले बताउनुभयो।


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०८०/०५/०६

यस कार्यालयबाट मिति २०७२/१०/२२ मा कास्की जिल्ला पोखरा ११ कास्कीमा संचालन गर्ने गरि शिख ०२ म्याग्दी निवासी होम बहादुर पुनको नाममा दर्ता भएको फर्म दर्ता नं. ११३९६/०७२/०७३(२१८६) को ग्लोरी क्याफे नामक फर्मको प्रोप्राईटरले फर्म सञ्चालन गर्न नसक्ने भएकाले मिति २०८०/०५/०६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**


# रैथाने बाली संरक्षण गर्न बीउ बैंक

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ भदौं

पछिल्लो समय कृषिमा आधुनिकीकरण हुँदै गएपछि रैथाने बाली हराउन थालेका छन्।

परम्परागत खेती प्रणाली आधुनिकतातर्फ गइरहेको छ। यही सन्दर्भमा बागलुङको बरेङ गाउँपालिकास्थित एक विद्यालयले रैथाने बाली जोगाउन बीउ बैंक स्थापना गरेको छ। बरेङ-२ हुग्दिशिर स्थित पुरुषोद्धय माविमा स्थानीय रैथाने बाली जोगाउन बीउ बैंक स्थापना गरिएको हो। गाउँपालिकाले आयातित 'हाइब्रेड' बीउबिजनको प्रयोगले पुर्खौंदेखि उत्पादन गर्दै आइरहेका स्थानीय बाली सङ्कटमा परेको भन्दै लोपोन्मुख बालीको संरक्षण तथा प्रवर्द्धन गर्न बाली विज्ञान विषय अध्यापन हुँदै आएको विद्यालयमा बीउ बैंकको स्थापना गरेको हो । बीउ बैंकको स्थापनाले पालिकामा कृषकले परम्परागत रूपमा लगाउने गरेका स्थानीय लोपोन्मुख बालीनाली तथा फलफूलको संरक्षण तथा प्रवर्द्धन हुने विद्यालय र गाउँपालिकाले अपेक्षा लिएको छ। बीउ बैंकमा लोप हुन लागेका सेतो भट्ट, कालो भट्ट, रातो भट्ट, भट्टे सिमी, सराद्धे सिमी, घीउ सिमी, सेतो कोदो, कोदो, जौ, मेवा, मरिच, चम्सुर, सेतो मकै लगायतका विभिन्न किसिमका झन्डै ६० प्रकारका स्थानीय बीउ संरक्षण गरिएको विद्यालयका प्रधानाध्यापक मनबहादुर श्रीसले जानकारी दिनुभयो । आगामी वर्ष झन्डै एक दर्जन स्थानीय बीउ कृषकलाई उपलब्ध गराउने विद्यालयको तयारी रहेको श्रीसको भनाइ छ।

# मुग्लिन-पोखरा सडक विस्तार

**पोखरापत्र संवाददाता**
तनहुँ ६ भदौं

पृथ्वी राजमार्गको पोखरा-मुग्लिन (पूर्वीखण्ड) सडक विस्तारअन्तर्गत पूर्वी र पश्चिम सडक खण्डमा ४१ प्रतिशत प्रगति भएको छ । पूर्वी सडकअन्तर्गत ४१ दशमलव ४५ किमी सडक विस्तारमा ३२ र पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्मको ३९ किलोमिटर दूरीमा नौ प्रतिशत काम सम्पन्न भएको हो।

पूर्वी सडक खण्डमा दुई हजार एक सय किलोमिटर दूरीमा कालोपत्र गरिएको छ। आँबुखैरेनी गाउँपालिका-१ सत्रसय क्षेत्रबाट सुरु गरी डुम्रे बजारतर्फको खण्डमा कालोपत्र अघि बढाइएको छ। जेठ महिनासम्म राम्रै प्रगति भए पनि असार र साउनमा वर्षा भएकाले महिनाको नौ प्रतिशतका दरले प्रगति भएको पोखरा-मुग्लिन सडक योजना (पूर्वी खण्ड) का इञ्जिनीयर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । भदौ महिनादेखि कालोपत्र गर्न थालेपछि प्रगति बढ्ने उहाँले बताउनुभयो।

पहिलो चरणमा दुई लेनको कालोपत्र गरी पुनः दुई लेनको कालोपत्र थालिने छ ।इन्जिनियर पाण्डेले भन्नुभयो "जहाँ तयारी हुन्छ ती स्थानमा कालोपत्र गरिहाल्ने योजनाअनुरुप निर्माणकार्य भइरहेको छ।" यसखण्डमा सडक विस्तारका क्रममा फराकिलो बनाउने, पर्खाल लगाउने, भित्तो खार्ने , खाल्टो पुर्ने, पक्की पुल तथा कल्भर्ट निर्माणको काम भइरहेको मुग्लिन सडक योजना (पूर्वी खण्ड) का प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो।

पूर्वी खण्डको सडक निर्माणका लागि विसं २०७७ माघ १७ गते सम्झौता भई विसं २०७८ वैशाख २ गतेदेखि निर्माण प्रक्रिया अघि बढाइएको हो । पूर्वी खण्डको रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारको लागतमा ठेक्का दिइएको थियो । सडकको डिजाइनअनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक हुनेछ। सडक विस्तार गर्दा सडकको चौडाई दुईतर्फी २५-२५ मिटर हुनेछ भने सहरीक्षेत्र बाक्लो बस्ती भएको स्थानमा ४१ मिटर चौडा सडक बन्नेछ। पूर्वीखण्डको ठेक्का चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले पाएको र उक्त खण्डको म्याद विसं २०८१ वैशाखसम्म छ।

त्यसैगरी पश्चिम खण्डमा अहिलेसम्म नौ प्रतिशत प्रगति भएको छ । उक्त खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । पोखरा बाहेक तनहुँ खण्डमा भित्ता कटिङ गरी कल्भेड राख्ने र पर्खाल लगाउने कार्य भइरहेको त्यहाँका इञ्जिनीयर नारायण पौडेलले जानकारी दिनुभयो।

यस खण्ड निर्माणको ठेक्का चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एण्ड ब्रिज कन्स्ट्रक्सनले रु सात अर्ब ४० करोड ४६ लाखमा ठेक्का लिएको हो । उक्त सडक खण्डको म्याद २०८१ भदौसम्म छ। विसं २०२६ मा रेखाङ्कन गरिएको यस सडकमा सवारी चाप बढेसँगै एसियाली विकास बैंक(एडिबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको छ।